
# लेखापरीक्षण प्रतिवेदन

# चुमनुव्री गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## चुमनुव्री गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/713

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

चुमनुब्री गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा।

**कैफियतसहितको राय**

हामीले पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण ,स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.पालिकाको रु ५३ करोड २८ लाख ४ हजारको लेखापरीक्षण गरिएकोमा रू १३ लाख १५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु ९ लाख ७३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु ३ लाख ४२ हजार मध्ये असुल गर्नुपर्ने रू २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६८ हजार, नियमित गर्नुपर्ने रु २ लाख ४७ हजार रहेको छ। गत वर्षसम्म रु.४ करोड ३३ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४ करोड ३४ लाख ७३ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ४ करोड ५२लाख ५१ हजार सुत्रमा समावेश गरेको छैन।

३.पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौँ। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय

व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य व्यहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथाजालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५० | २२ | १३१५८९२ | ० | १ | ९७३९९० | ० | ५० | २१ | ३४१९०२ | २७३३४ | २४६७०० | ६७८६८ | ० | ० | ३१४५६८ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ४३३२७००० | ० | १९४९२० | ४३१३२०८० | ० | ३४१९०२ | ४३४७३९८२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | १७ | धरौटी फिर्ता | १,९४,९२० |
| २ | २०८०/८१ | ५१.२ | सामाजिक सुरक्षा तर्फ | ९,७३,९९० |

| | |
|---|---|
| जम्मा | ११,६८,९१० |

# (८०४३६५०४३०० - चुमनुव्री गाउँपालिका, गोरखा )

# चुमनुव्री गाउँपालिका , गोरखा

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा १६४८.५ वर्ग कि.मि क्षेत्रफल तथा ९२८९ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।०४ देखि २०८१ ।०८।०७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको विनियोजन , राजस्व , धरौटी र अन्य कारोबारतर्फको गरी जम्मा रु. ५३२८०४००० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु २२१४९ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पाठयपुस्तकमा बढी रकम निकासा | १२५४९ |
| २ | छात्रवृत्तिमा बढी निकासा | ९६०० |
| | जम्मा रकम | २२१४९ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

बजेट व्यवस्थापन तर्फ:

• स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क संकल्न,अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार नगरेको,

• दिगो विकार लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरीकिकरणको लागि एकिकृत दिर्घकालीन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तै:बैठक भत्ता,तालिम,गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको

भ्रमण खर्च व्यवस्थापन तर्फ:

• भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण पश्चात भ्रमण प्रतिवेदन तयार नगरेको,

खरिद व्यवस्थापन तर्फ:

• सार्वजनिक खरिद ऐन,२०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सिमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ।स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• संचालित योजनाहरुको उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई नगरेको,

• स्थानीय तहले नियममा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको,

शिक्षा तर्फ:

• स्थानीय तहले स्थानीय तहभित्रका अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,

• शिक्षा नियमावली,२०५९ को परिच्छेद ३ नियम १६ मा नं.(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

विविध तर्फ:

• मुल्यअभिवृद्धि कर नियमावली,२०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धि आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा ई टि डि एस गरेको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरनको प्रयास गरेको अभिलेख नराखेको,

• कुनै रकम भुक्तानी दिदाँ रित पुगे नपुगेको जाँच गरी रसिद वील भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा होटेलको बिल पेश भएको भएता पनि कार्यालय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन। खर्चको स्पष्ट उद्वेश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल मात्र राखी खर्च गर्ने परिपाटि नरहेको,

• विभिन्न कार्यक्रमहरुको अनुगमन वापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेश नभएको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोवार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समिति तथा सोको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा नगरेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३ **व्यवसाय कर** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३५ हजार कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कमा महत्वपूर्ण भुमिका रहने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

५ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ :

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| रु.हजारमा | ९१७२५ | ८१९ | ६७३६ | १२५६९ | ७१६०१ | ५०१५१ |
| प्रतिशत | १०० | ०.९ | ७.३४ | १३.७ | ७८.०६ | ५४.६८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.३५ करोड ४४ लाख ५३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.८ लाख १९ हजार (०.९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.६७ लाख ३६ हजार (७.३४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.१ करोड २५ लाख ६९ हजार (१३.७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.७ करोड १६ लाख १ हजार खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड १ लाख ५१ हजार (५४.६८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **बजेट पेश, पारित र अख्तियारी** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।०३ मा रु.४२ करोड २५ लाख ४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।२३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

८ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९ **बजेट अवण्डा –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.२ करोड ९५ लाख ७० हजार अबण्डा बजेट व्यवस्था गरी २६ योजना/कार्यक्रमहरुमा रु.१ करोड ३२ लाख ३५ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।
अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | चुमनुब्री गाउँपालिका वडा नं.६ र ७ को गाउँ/ठाउँ चिनारी म्युजिक भिडियो निर्माण | ३५०००० |
| २ | फिलिम चर्च भवन निर्माण | १५०००० |
| ३ | मेतोफु,रोल्मी देखी लाङडाङ जाने गोरेटोबाटो निर्माण | १०००००० |
| ४ | सेराङ्गि गुम्बा आ वि फर्निचर व्यवस्थापन | १०००००० |
| ५ | न्याक गाउँ हेल्थ पोष्ठ निर्माण योजना | १६००००० |

१० **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ :

| क्र.स | क्षेत्र | बजेट (रु.हजारमा) | खर्च(रु.हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५६७८४ | ३८१७९ | १५.२० |
| २ | पूर्वाधार विकास | १०२५०० | ६७२६४ | २६.७३ |
| ३ | सामाजिक विकास | ११७४६७ | ८३८८२ | ३३.३३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १४८९९ | ७६०० | ३.०२ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १२९८२४ | ५४६७१ | २१.७२ |
| **जम्मा** | | **४२१४८५** | **२५१५९९** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३३.३३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ३.०२ प्रतिशत रहेको छ ।

११ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२७ लाख १४ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.२६ करोड ४२ लाख ७६ हजार समेत रु.२६ करोड ६९ लाख ९० हजार आम्दानी भएकोमा चालु तर्फ रु.१५ करोड ९८ लाख ७३ हजार र पूँजिगत तर्फ रु.९ करोड १७ लाख २५ हजार गरी जम्मा रु.२५ करोड १५ लाख ९९ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु .७८ लाख ४७ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३४.५८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१ प्रतिशत चालु र ५७ प्रतिशतमात्र पूँजिगत

निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१२ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१३ **कानून र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ६० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ७ वटा नियमावली, ३५ कार्यविधि , ७ वटा निर्देशिका , ५ वटा मापदण्ड,१ वटा दिगदर्शन र १ वटा आचार संहिता लगायत ६९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले १८ वटा कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१४ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको न्यायिक समितिमा कुनै पनि प्रकारको विवाद/घटना दर्ता हुन आएको देखिएन।

१५ **सहकारी नियमन-**

हकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १ वटा सहकारी संस्था रहेका छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार उक्त संस्थाले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको यकिन गर्न सकिएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१६ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १४.१२ देखि ३३.२४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर

परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ :

| क्र.सं. | योजनाको नाम | स्वीकृत ल.ई.(भ्याट र कन्टीनजेन्सी सहित) रु हजारमा | ठेक्का नं | ठेक्का स्वीकृत रकम(भ्याट र कन्टीनजेन्सी सहित) रु हजारमा | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | वडा नं ३ को प्रशासकीय भवन निर्माण | १७५२७ | CNRM/WORKS/NCB/03/2080/81 | १३०५ | २५.६ |
| २ | वडा नं ४ को प्रशासकीय भवन नर्माण | ९०२७ | CNRM/WORKS/NCB/04/2080/81 | ६३१५ | ३०.१९ |
| ३ | पाङसिङ बृहत खानेपानी निर्माण योजना | १०६६३ | CNRM/WORKS/NCB/05/2080/81 | ७१२४ | ३३.२४ |
| ४ | दुधपोखरी पदमार्ग निर्माण योजना | ७५२३ | CNRM/WORKS/NCB/01/2080/81 | ६४६६ | १४.१२ |

१७ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

खरिद तथा ठेक्का व्यवस्थापन सम्वन्धी व्यहोरा निम्नानुसार छन :

• अध्ययन अनुसन्धान, प्रतिवेदन तयारी, सम्भाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयारी लगायतका कार्य अधिकांशत: परामर्शदाताबाट गराएको प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको परामर्शदातालाई नर्म्सभन्दा बढी भुक्तानी गरेको समयमा कार्य नगर्दा समेत पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको परामर्शदाताका प्रतिवेदनको उपयोग नभएको, उपयोग सुनिश्चितता बेगर परामर्शका कार्य गराएको स्पेसिफिकेसन विपरीत कमसल सामग्री आपूर्ति हुने फरक नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गरेको उचित र पर्याप्त कारण बेगर पटक पटक म्याद थप हुने गरेको निर्माण व्यवसायीको ढिलाईको कारण निर्माण सम्पन्न नभएको अवस्थामा समेत पूर्वनिर्धारित क्षतिपूर्ति नलिइएको पूर्वानुमान गर्न सकिने कार्य थप गरि भेरिएसन गरिएको, धेरै दररेट भएका कार्यमा अस्वभाविक रुपमा काम थप गरी भेरिएसन गरेको

• औषधि खरिदमा आवश्यकता पहिचान गरिएको तथा अत्याधिक खरिद गरिदाँ सोको उपयोग नहुँदै म्याद गुज्रिएको अवस्था

• सम्झौता विपरीत मूल्य समायोजन भुक्तानी गरेको, इन्डेक्स तथा सुत्र फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको जमानतहरु (कार्यसम्पादन, पेश्की) नलिईएको, जमानतको म्याद थप नगरिएको सम्झौता अनुसार बीमा नगरिएको सम्झौता अनुसार पेश्की फर्स्यौट नगरेको सम्पन्न योजनाहरु हस्तान्तरण नगरेको, नियमित मर्मत सम्भार नगरेको

• आयोजना तथा निर्माण कार्य अधुरा रहेको कार्यसम्पन्न प्रतिवेदन पेश नगरेको निर्माण कार्यको एज विल्ट नक्सा पेश नगरेको

१८ **आय अनुमान** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१८ लाख ५६ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.२७ लाख १४ हजार अर्थात अनुमान भन्दा ३१.६१ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१९ **आन्तरिक आय** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ :

| **केन्द्रीय अनुदानबाट** खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १८५३३७ | २७१४ | १.४७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२० **कर तथा शुल्क असुली** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ :

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

| राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| ११३१४ | भुमिकर/मालपोत | ११३ | १३२ | ११६ |
| ११३१७ | वहाल कर | ३०० | २९७ | ९९ |
| ११६९१ | अन्य कर | २८ | ३३९ | १२१० |
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | ० | ६ | ६०० |
| १४१५१ | सरकारी सम्पतीको बहालबाट प्राप्त आय | ० | ३१० | ३१० |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | २० | २०० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ५० | ५२ | १०४ |
| १४२२४ | परीक्षा शुल्क | १० | ४ | ४० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १५ | ३१ | ८६७ |
| १४२४३ | सिफारिश दस्तुर | ६२५ | २५९ | ४१ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४० | ६५ | १६३ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ५ | ८ | १६० |
| १४२४९ | अन्य दस्तुर | ० | १५४ | १५४ |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५६ | ३० | १२ |
| १४५२९ | अन्य राजस्व | ० | ७०५ | ७०५ |
| १४६११ | व्यवसाय कर | १९२ | ५ | ३ |
| १५१११ | बेरूजू | ५० | १९२ | ३८४ |

२१ **आयोजना बैंकः**

राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको बजेट तर्जुमाका सम्वन्धमा स्थानीय तहले आयोजना बैंक तयार गरी बार्षिक कार्यक्रमका माध्यमबाट कार्यान्वियन गर्नु पर्दछ भनी २०७८ सालमा दिग्दर्शन जारी गरेको छ । स्थानीय अर्थतन्त्रमा अधिकतम फाइदा पुर्‍याउने, सार्वजनिक सेवा प्रवाहमा गुणात्मक सुधार गर्ने र उत्थानशील पूर्वाधार विकास र संस्थागत क्षमता सुदृढीकरणमा स्थानीय स्रोतसाधनको प्रभावकारी परिचालन गर्ने रणनीतिक महत्वका आयोजनाको पहिचान, लेखाजोखा, छनौट र प्राथमिकीकरण सहितको विवरण तयार गर्नु आयोजना बैंङ्कको उद्देश्य हो।अतः स्थानीय तहले आयोजना बैक तयार गरी सोही वमोजिम कार्यक्रम संचालन गर्नु पर्दछ ।

२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका १ जना सहायक प्रशासकीय अधिकृत, १ जना बरिष्ठ प्रशासन सहायक लगायत विभिन्न पदका गरी कुल ६ जनाको दरबन्दी रिक्त रहेको प्राप्त विवरणबाट देखिन्छ ।जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

उक्त रिक्त दरबन्दीमा पदपूर्तीमा प्रदेश लोकसेवा आयोगमा पदपूर्तीका लागि माग गरेको जवाफ प्राप्त भएको छ।

२३ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२४ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** –

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ :

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | २०८०।०२।३२ | १ | साबिकको जिल्ला पशु सेवा शाखा गोरखाको नाममा रहेको जग्गा उपभोगको प्रमाण पत्र प्राप्त भएको | क्षेत्रफल ४ रोपनी ६ आना (कित्ता नं.५५) |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न | ५ | ११ लाख | मोटर साईकल |
| | | | | एक्साभेटर |
| उपकरण (रु.१ लाखभन्दा बढी) | २०७८।७९ | १ | अनुदानबाट | एम्बुलेन्स |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | | | |
| अतिक्रमणमा परेको जग्गा | | | | |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | | नभएको |

२५ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७ वटा वडाको लागि वडागत र पालिकास्तरका कुल ४७ योजनामा वजेट विनियोजन गरेको छ :

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | १देखि ५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | . ६ | ६ | ० | ० |
| २. | वडास्तरीय | ४१ | ५ | ३० | . ६ |
| | **जम्मा** | **४७** | **. ११** | **३०** | **६** |

उपयुक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४२ योजनामात्र कार्यान्वियन भई ५ वटा योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ

२६ **लक्ष्य प्रगति :**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला्इ जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ३३९ | ९७ | २५ | ४५ | १७२ |

२७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वटा वडामा ६ वटा योजना सञ्चालन गरी यस वर्ष १४६ जनालाई औसत ५१.१८ दिनले ३०७ दिन रोजगारी उपलव्ध गराई रु.६५ लाख ३६ हजार ६ सय श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

पालिकाले छलफलको क्रममा बेरोजगारको सुची अनुसार सम्बन्धित वडामा गाउँपालिका बैठकबाट योजना छनौट गरी सम्बन्धित वडामा सुचिकृत बेरोजगारहरुलाई रोजगारी उपलब्ध गराएको जवाफ दिएको छ।

२८ **स्थानीय दर रेट :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकले आफ्नो क्षेत्रभित्रको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि ऐनमा व्यवस्था भए अनुसार न्यूनतम दररेट निर्धारण नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार स्थानीय दररेट कायम गर्नुपर्दछ ।

२९ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने

व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३० **योजना अनुगमन :**

योजनाको अनुगमन प्रतिवेदन गर्दा अनुगमन भएको मिति उल्लेख गर्ने गरेको देखिएन । साथै अनुगमन प्रतिवेदनमा अनुगमन समितिबाट कैफियत उल्लेख गर्ने व्यवस्था भएता पनि प्राय प्रतिवेदनमा केही कैफियत उल्लेख गर्ने गरेको देखिएन । जस्ले गर्दा अनुगमन प्रतिवेदन पारम्पारिक र नियमित जस्तो मात्र देखिन्छ । अनुगमन प्रभावकारी वनाउनु पर्दछ ।

३१ **आवधिक योजना** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

३२ **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | सेवा प्राप्तिको लागि निवेदक सङ्ख्या | सिफारिस सङ्ख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० | ० |
| **पञ्जिकरणतर्फ** | | |
| जन्मदर्ता | १३४ | १३४ |
| मृत्युदर्ता | ६२ | ६२ |
| बसाईसराई दर्ता | १ | १ |
| विवाह दर्ता | ४८ | ४८ |
| सम्बन्धविच्छेद दर्ता | ० | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | | |
| कालोपत्रे सडक निर्माण | ० | ० |
| कालोपत्रे सडक मर्मत | ० | ० |
| ग्राभेल सडक निर्माण | ० | ० |
| ग्राभेल सडक मर्मत | ० | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

### ३३ **वित्तीय विवरणको यथार्थता** -

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७१) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४५२५११५९,सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

### ३४ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| क्रस | विवरण | रकम | क्रस | विवरण | रकम |
| **१** | **गत वर्षको जिम्मेवारी** | | १ | चालु खर्च | १५९८७३५७९ |
| | संचित कोष खाता | ११४३००७०७ | २ | पूँजीगत खर्च | ९१७२५६३२ |
| | प्रकोप व्यस्थापन कोष खाता | ८९९७३५ | **३** | **कोष खर्च** | |
| | धरौटी खाता | २३०७७३५ | | धरौटी फिर्ता | २७६६६३५ |
| | विविध खर्च खाता | ४६३२२९ | | कोष खर्च **(** प्रकोप व्यवस्थापन कोष तथा अन्य**)** | २९७४२५२ |
| | विभाज्य कोष खाता | २६८६२० | | विविध खर्च खाता | ४९६०७० |
| **२** | **राजश्व** (**आन्तरिक आय**) | | **४** | **मौज्दात** | |
| | आन्तरिक राजश्व | २७१४१८९ | | संचित कोष खाता | १२९६३९२५७ |
| | राजश्व बाँडफाँड | ७८९३८५८६ | | धरौटी खाता | ३४७८९७५ |
| **३** | **संघिय सरकारबाट प्राप्त अनुदान** | | | विभाज्य कोष खाता | २६८६२० |
| | वित्तिय समानीकरण अनुदान | ६४८२१००० | | प्रकोप कोष खाता | १४३६०२६ |
| | सशर्त अनुदान चालु | ९५०००८९८ | | विविध खर्च खाता | ४६३२२९ |
| | समपुरक अनुदान पूजीगत | ३१०८७९० | | | |
| | सशर्त अनुदान पूजीगत | २४९२०३१ | | | |
| | विशेष अनुदान | ४०५१९७४ | | | |
| **४** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | |
| | वित्तिय समानीकरण अनुदान | ५८९५७५० | | | |
| | सशर्त अनुदान चालु | ४९६७६०१ | | | |
| | समपुरक अनुदान | ५०००००० | | | |
| **५** | **विभिन्न कोषतर्फको आय** | | | | |
| | विविध खर्च खाता | ४९६०७० | | | |
| | धरौटी खाता | ३९३७८७५ | | | |
| | प्रकोप कोष खाता | ३५००००० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३९३१२२२७५ | | | ३९३१२२२७५ |

३५ **कर दायित्व** –

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७१) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.६११ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६११ |

३६ **आन्तरिक लेखापरीक्षण :**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

पालिकाले आ ले प सहायक प्रदेश लोकसेवा आयोगसंग मात्र गरेकोमा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भैनसकेको हुँदा आ ले प हुन नसकेको जानकारी प्राप्त भएको छ।

३७ **परामर्स तथा डीपीआर खर्च** –

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ :

| **क्र.सं.** | **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम रु हजारमा** | **खर्च रकम रु हजारमा** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रु हजारमा** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | स्यो सामुदायिक भवन निर्माण र चुम्लिङ विद्यालय भवन निर्माण | त्रैलोक्य बिल्डर्स कन्सटेन्स प्रा लि | १४००००० | १३७९१६५ | १३७३६३ | |
| २ | बुढिगण्डकीबाट फिलिम बजार बाटो निर्माण | रोयल एक्सिस ईन्जिनियरिङ सर्भिस प्रा लि | ८००००० | ४०५७६० | ३४२१४१ | |
| ३ | सिद्ध गणेश आ वि छात्रावास निर्माण | युज्भि ईन्जिनियरीङ सोलुसन्स प्रा लि | ५००००० | ४८९२९० | ८२२३८ बजेट व्यवस्था नभएको | |
| ४ | पाति ढल व्यवस्थापन योजना | हिमालय ईन्जिनियरिङ सोलुसन प्रा लि | ५००००० | २८८७१५ | १३६३९४ | |
| ५ | पाङसिङ छिहि रुक्जुङ उदेजुङ नेडोल्मा धार्मिक स्थल पदमार्ग योजना | ईन्फ्रा डेभलप कन्सल्ट प्रा लि | १४००००० | १३८१७६४ | २०५६९७ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

पालिकाले दिएको स्पष्टिकरण अनुसार उल्लेखित विस्तृत परियोजना प्रतिवेदन तयार गर्न गाउँपालिकामा सो क्षमता भएको जनशक्ति नभएका कारण सेवा परामर्श मार्फत खरिद गरिएको पाइयो।

३८ **औषधि खरिद :**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले क्यानडेला मेडि कन्सर्नसँग रु १२३५३९८ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३९ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २ वटा संस्थाहरुलाई रु.६५००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२७ लाख १४ हजारको २.४ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

४० **सफ्टवेयर खरिद र प्रयोगको विवरण:**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले दर्ता चलानी सम्बन्धी सम्बन्धी सफ्टवेयर खरिद गरी ३ लाख ९० हजार खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

४१ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४२ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ । पालिकाले संघीय सरकारबाट प्राप्त अनुदान र आफ्नो आन्तरिक स्रोत सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपलब्धि प्राप्त हुने गरी योजना कार्यान्वयन गर्नु पर्नेमा निम्न कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो ।नमुना छनौटको आधारमा परीक्षण गरेका निम्न कार्यक्रममा पालिकाले रकम खर्च गरेको देखिन्छ जसले कुनै स्थानीय रोजगारी प्रवद्धन गरेको देखिदैन ।तसर्थ, पलिकाले उत्पादनमूलक कार्यक्रम तथा पूर्वाधार विकास जस्ता पूँजि निर्माणका कार्यमा रकम विनियोजन गरी खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ । केही उदाहरणः

| क्र.सं | विवरण | रकम |
|---|---|---|
| १ | चुमनुव्री वडा नं ९ र ६ म्यूजिक भिडियो | ३४९००० |
| २ | चुम शाम्या म्यूजिक भिडियो | १००००० |
| ३ | न्याक गाँउ चिनारी म्याजूक भिडियो | १९९००० |

४३ **कार्यसम्पादन मूल्यांकन समिति बैठक भत्ता**

गाँउपालिकामा कार्यरत सहायकस्तर पाँचौं तहदेखि सातौं तहका स्वास्थ्य सेवाका कर्मचारीहरुको आ.व. २०७९।०८० को कार्यसम्पादन मूल्याँकन फाराम मूल्याङ्कन गर्नको लागि पुनरावलोकन समितिको विभिन्न मितिमा बसेको बैठकमा निम्न पदाधिकारीलाई भत्ता भुक्तानी गरेकोमा कार्यसम्पादन मूल्यांकन फाराम भर्ने, मूल्यांकन गर्ने कार्य कर्मचारीको दैनिक, नियमित र प्रशासनिक कार्य भित्र नै पर्ने भएकोले सो को लागि बैठक भत्ता खर्च लेख्ने कानूनी आधार नदेखिएकोले आधार प्रमाण भए पेश गर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

| क्र.स | नाम थर | पद | कार्यालय | रकम |
|---|---|---|---|---|
| १ | भिमसेन श्रेष्ठ | प्र.प्र.अ | चमनुव्री गापा | ८५० |
| २ | गिरिजाप्रसाद रिजाल | लेखा अधिकृत | चमनुव्री गापा | ८५० |
| ३ | प्रेम गुरुङ्ग | जनस्वास्थय निरीक्षक | चमनुव्री गापा | ८५० |
| ४ | गणेशभक्त त्रिपाठी | अधिकृत | चमनुव्री गापा | ८५० |
| ५ | वेद प्रकास ढकाल | अधिकृत | चमनुव्री गापा | ८५० |
| ६ | दिपक चन्द | सहायक पाँचौ | चमनुव्री गापा | ८५० |
| ७ | सन्दीप रेग्मी | सहायक पाँचौ | चमनुव्री गापा | ८५० |
| ८ | बासुदेव ओली | सहायक चौथो | चमनुव्री गापा | ८५० |
| | | | जम्मा | ६८०० |

| असुल गर्नुपर्ने | ६,८०० |
|---|---|

४४ **सार्वजनिक खरिद तालिम**

प्रदेश खर्चको मापदण्ड, २०७९ को अनुसूची-१ को सि.नं ४ मा तालिमकेन्द्र बाहेकका निकायले तालिम संचालन गर्दा अधिकृतस्तरको तालिममा प्रशिक्षकलाई कार्यपत्र बापत रु १००० र कक्षा संचालन बापत रु ८०० गरी जम्मा रु १८०० भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं ३०८।०८१।२।२२ बाट मिति २०८१।२।१८ देखि मिति २०८१।२।१९ सम्म संचालित सार्वजनिक खरिद सम्बन्धि तालिममा निम्न प्रशिक्षकलाई नम्स भन्दा वढी भुक्तानी दिएकाले असुल गर्नुपर्ने रु

| प्रशिक्षकको नाम | कक्षा परिमाण | दर | भुक्तानी भएको | नम्स अनुसार हुनपर्ने (कर कट्टा पछि) | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| श्रीधर पन्थी | ४ | ३४०० | ११५६० | ६१२० | ५४४० |
| महेन्द्र प्रसाद भण्डारी | ४ | ३४०० | ११५६० | ६१२० | ५४४० |
| जम्मा | | | | | १०८८० |

| असुल गर्नुपर्ने | १०,८८० |
|---|---|

४५ **मर्मत आदेश**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मर्मत कार्यमा PAMS बाट सृजित हुने मर्मत आदेश र प्रतिवेदन नराखी बिल मात्र पेश गरी भुक्तानी गरेको छ। यसरी गरेको मर्मत खर्चको भुक्तानी सिस्टममा नदेखिने साथै नियमावली अनुसारको मर्मत आदेश पेश नभएकोमा खर्चको पुष्ट्याई नहुने हुदाँ यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ।

४६ **नयाँ उघमी कार्यक्रम**

स्थानीय तहको गरिवी निवारणको लागि लघु उघम विकास कार्यक्रम कार्यविधि, २०८० को दफा २४ मा उत्पादित बस्तुको अभिलेख राखी लागत मूल्यको ५० प्रतिशत देखि ७५ प्रतिशत छुट मूल्यमा सहभागीलाई विक्री गर्ने सकिने तथा विक्री हुन नसकेमा कोशेली घर, सौगात गृह, विक्री कक्ष तथा महोत्सव जस्ता स्थानमा विक्री गर्नुपर्ने र प्राप्त रकम संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी विक्री हुन नसकेमा स्टोर्स दाखिला गरी उघम विकास समितिको निर्णय अनुसार नि:शुल्क वितरण गर्नुपर्ने व्यवस्था छ ।यसरी प्रशिक्षार्थिलाई नै प्राथमिकता दिनुपर्नेमा पालिकाले निम्न नयाँ उघम विकास तालिम संचालन गरी उत्पादित वस्तु वितरण नगरी स्टोर्स शाखामा भण्डारण भएको देखियो ।यसले गर्दा स्टोर्स शाखामा समाग्री लामो समय रहने तथा नष्ट हुने जोखिम भएको हुँदा पालिकाले कार्यविधिको प्रावधान अनुसार उत्पादित वस्तुलाई व्यवस्थापन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| भौचर नं | तालिमको प्रकार | उत्पादित वस्तु | लागत मूल्य |
|---|---|---|---|
| ३८० | नयाँ उघमी सिर्जना कार्यक्रम | ऊनी स्वीटर | १५७७२५ |
| ३८६ | प्राविधिक सीप विकास तालिम | ऊनी गलौचा | १७७७५० |

४७ **निकासा रकम भन्दा कम पाठयपुस्तक खरिद :**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं २·४·६·१मा सामुदायिक विद्यालयका विद्यार्थीलाई पाठयपुस्तक उपलव्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई प्रति विद्यार्थीका दरले पाठयपुस्तक उपलव्ध गराउने व्यवस्था रहेको छ ।पालिकाले देहाएका विद्यालयलाइ पाठयपुस्तक खरिद वापत देहायको रकम निकासा गरेकोमा निकासा रकम बराबरको पुस्तक खरिद नभएकोले सम्बन्धित विद्यालयबाट फिर्ता गर्नुपर्ने बाँकी रु

| **विद्यालय** | **निकासा रकम** | **विल रकम** | **बाँकी रकम** |
|---|---|---|---|
| विकास आवि | ११६६८ | ६०४० | ५६२८ |
| बुद्ध मावि | २९१३४६ | २८७९३१ | ३४१५ |
| जम्मा रकम | | | ९०४३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,०४३ |

४८ **पाठयपुस्तक अनुदान :**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं२·४·६·१मा सामुदायिक विद्यालयका विद्यार्थीलाई पाठयपुस्तक उपलव्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई प्रति विद्यार्थीका दरले पाठयपुस्तक उपलव्ध गराउने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं १८९ मिति ०८१।०३। १६ मा पाठयपुस्तक खरिदको लागि देहायको विद्यालयलाई रकम वितरण गरेकोमा वितरण भएको रकमको भरपाइ पेश नभएकोले वितरणको भरपाई पेश गर्नुपर्ने रु

| विद्यालय | रकम |
|---|---|
| विकास आवि | ११६६८ |
| सेराङ आवि | ५६२०० |
| जम्मा रकम | ६७८६८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,८६८ |

४९ **शिक्षक दरवन्दी र पदपूर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ :

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | गुम्बा हिमाली आ वि | १ | १ | ० | ८ |
| २ | गौरीशंकर आ वि | ३ | ३ | १ | ७८ |
| ३ | चुम्लिङ आ वि | १ | १ | | २६ |
| ४ | छुलेनिले आ वि | १ | १ | | २१ |
| ५ | छेकम आ वि | २ | २ | | १७ |
| ६ | नुब्री आ वि | ५ | ५ | ३ | १०७ |
| ७ | पाङसिङ आ वि | ४ | ४ | १ | ६१ |
| ८ | प्रोक आ वि | १ | १ | | १८ |
| ९ | फिलिम आ वि | ४ | ४ | १ | ३७ |
| १० | बुद्ध आ वि | ३ | ३ | | २५ |
| ११ | बुद्ध मा वि | १४ | १४ | ९ | ३७८ |
| १२ | बौद्ध हिमाली आ वि | १ | १ | | ८ |
| १३ | ल्हो मा वि | ६ | ६ | १ | २३८ |
| १४ | विकास आ वि | २ | २ | १ | ३१ |
| १५ | सिद्धगणेश आ वि | २ | २ | | ४८ |
| १६ | श्रींग हिमाली आ वि | ४ | ४ | १ | ३५ |
| १७ | सिदुङ्ग आ वि | १ | १ | | १२ |
| १८ | सिप्चेत आ वि | १ | १ | | २० |
| १९ | जोङ्ग आ वि | १ | १ | | ० |
| २० | सेराङ्गी गुम्बा आ वि | १ | १ | | १०९ |

५० **कृषि अनुदानः**

सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा अनुदानग्राहीको विवरण सार्वजनिक गर्नुको साथै जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन।

| गो.भौ.नं./मिति | कार्यक्रमको नाम | वितरण गरेको समुह तथा संस्था | अनुदान प्रतिशत | अनुदान रकम |
|---|---|---|---|---|
| २१९/ २०८१/०३/२२ | आलु पकेट निरन्तरता | स्यारखोला कृषक समुह | ८५ प्रतिशत सिचाई पुर्वाधार/ ५० प्रतिशत अन्य उत्पादन सामाग्री | १८९०३३ |
| २२१/ २०८१/०३/२२ | आलु पकेट निरन्तरता | आगाँ जागृति कृषक समुह | ८५ सिचाई पुर्वाधार/ ५० प्रतिशतअन्य उत्पादन सामाग्री | १८२६५८ |
| २२३/ २०८१/०३/२२ | आलु पकेट निरन्तरता | लालिगुरास कृषि तथा पशुपंक्षी फर्म | ८५ प्रतिशत सिचाई पुर्वाधार/ ५० प्रतिशत अन्य उत्पादन सामाग्री | ४३२६६ |
| २१७/ २०८१/०३/२२ | आलु पकेट निरन्तरता | बि.जी. कृषि तथा पशुपंक्षी फर्म | ८५ प्रतिशत सिचाई पुर्वाधार/ ५० प्रतिशत अन्य उत्पादन सामाग्री | ३५४३३ |

५१ **सामाजिक सुरक्षा तर्फ :**

५१.१ **सामाजिक सुरक्षा भत्ता :** सामाजिक रुपमा पछाडि परेका वर्ग,क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु.४,५२,५१,१५९.३५ खर्च गरेको छ।यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक,एकल महिला,विधुवा,बालबालिका र अशक्तहरु समेत ११०० जना लाभान्वित भएको देखिन्छ । नेपाल सरकारले बजेटमा व्यवस्था गरी जेष्ठ नागरिक,विधुवा,अशक्त तथा दलित वर्गला्ई सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। आ.व.२०८०।०८१ मा गाउँ कार्यपालिकाको केन्द्रिय हिसाबबाट ७ वटै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रथम त्रैमासिकमा रु.१,१३,५१,८८८।- दोश्रो त्रैमासिकमा रु.१,१५,५८,५०४।- तेश्रो त्रैमासिकमा रु.१,१२,६९,९४८।- र अन्तिम त्रैमासिकमा रु.११०७०८१९.३५ गरी जम्मा रु.४,५२,५१,१५९.३५ निकासा तथा खर्च लेखाङ्कन गरेको छ ।

**सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका अन्य व्यहोराहरु:**

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया,भत्ताको दर,प्राप्त हुने बैंक र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था,गैर सरकारी संस्था,सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिर्वाय रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्वन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा राखेको छैन।यसबाट पारदर्शिता र जवाफदेहिता कायम हुने विधि तयार गरी पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन । भत्ता वितरण कार्यलाई सरल र पारदर्शी हुने गरी व्यवस्थित गर्नुपर्दछ ।

• स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तहको कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाईं नगरी लाभग्राही सूची अनुसार भत्ता वितरण गरेको छ।

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरण व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।

• मृत्यू भएका र बसाईसराई गरी गएका लाभग्राहीको केन्द्रिकृत तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले आगामी आ व मा नियममा व्यवस्था भएबमोजिमका प्रकृया अवलम्बन गरी स्रेस्ता अधावधिक गर्नु पर्दछ।

५१.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **९७३,९९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५२ **भ्रमण प्रतिबेदन**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीले भ्रमण सम्पन्न भए पश्चात तोकिएको ढाँचामा भ्रमणको उपलब्धि सहितको भ्रमण प्रतिबेदन पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाबाट यसबर्ष ३९ लाख ९३ हजार खर्च भएको देखिन्छ । भ्रमणमा खटिएका पदाधिकारी तथा कर्मचारीले भ्रमण गर्नुको उद्धेश्य, भ्रमणमा देखिएका व्यहोरा, समस्या तथा चुनौति स्पष्ट खुल्ने गरी भ्रमण प्रतिबेदन पेश भएको देखिएन ।यसबाट भ्रमणमा खटिने कर्मचारीले तोकिएको भ्रमण अवधिमा कस्ता कार्य गरेको विषयमा जानकारी प्राप्त हुन सकेन ।तसर्थ, नियमावलीमा तोकिएको ढाँचामा भ्रमणमा खटिने पदाधिकारीले स्पष्ट खुल्ने गरी प्रतिबेदन पेश गर्नु तर्फ पालिकाको ध्यान दिनुपर्दछ ।

५३ **जिन्सी निरीक्षण**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८३ मा कार्यालय प्रमुख वर्षमा कम्तीमा एक पटक आफै वा ३ सदस्य टोली गठन गरी जिन्सी निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ ।पालिकाले लेखापरीक्षण अवधिसम्म जिन्सी निरीक्षण प्रतिवेदन पेश गरेको छैन ।जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका मालसमानको लिलिम विक्री तथा मिन्हा गर्नुपर्ने व्यवस्था भएता पनि निम्न ९ समानहरुको निरीक्षण प्रतिवेदन वेगर कार्यपालिकाको मिति २०८१।९।२ गतेको निर्णयको आधारमा मिन्हा गरेको देखिन्छ ।कार्यालयले समयमै जिन्सी निरीक्षण कार्य गराई सोको आधारमा लिलामी तथा मिन्हा गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| क्र स | मालवस्तुको नाम | परिमाण |
|---|---|---|
| १ | डेक्सटप कम्प्यूटर | ६ |
| २ | ल्यापटप कम्प्यूटर | ९ |
| ३ | फोटोकपी मेशिन | ३ |

५४ **खरिद भन्दा बढी दरमा भुक्तानी :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका उपभोक्ता समितिलाई सिमेन्टको रकम भुक्तानी लिन पेस गरेको बिल भरपाई तथा कार्यबिलको परीक्षण गर्दा खरिद गरेको सिमेन्टको विजकमा उल्लेख गरेको दरभन्दा बढी दर राखी भुक्तानी दिएकोले रू.२४६७००।- असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| भौ.नं./मिति | कार्यक्रम/योजना | परिमाण/ इकाई | भुक्तानी दर (जिल्ला दररेट) | भुक्तानी हुनुपर्ने (विजक दर) | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| ३४/२०८०।११।१८ | सान्दुक छोलिङ गुम्बा भवन निर्माण कार्य | १४१४ बोरा | ४२६ | ३३० | ११८०९७ | २०८०।८१ |
| १९/२०८०।०९।१६ | वडा कार्यालय आंगन निर्माण कार्य | ५० बोरा | ४३८ | ३७० | ३४०० | २०७९।८० |
| ३२/२०८०।११।१७ | पुङ्चे गुम्बा (हिनाङ) निर्माण कार्य | १०५५ बोरा | ४२६ | ३३० | ८८११४ | २०८०।८१ |
| १३२/२०८१।०३।१४ | चिफू गुम्बा निर्माण कार्य | ५०० बोरा | ४२६ | ४०५ | ९१३५ | २०८०।८१ |
| १७२/२०८१।०३।२३ | बुद्ध मा वि मर्मत कार्य | २३८ बोरा | ७१० | ६५० | १२४२४ | २०८०।८१ |
| १७८/२०८१।०३।२३ | पाङसिङ विद्यालय भवन निर्माण कार्य | ८५० बोरा | ४२६ | ४०५ | १५५३० | २०८०।८१ |
| **जम्मा** | | | | | **२४६७००** | |

| | |
|---|---|
| अनियमित भएको | २,४६,७०० |

५५ **टुक्रा खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलवन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले यो वर्ष देहाय बमोजिम कुर्सी, टेवुल, सोफा लगायतका फर्निचर र कम्प्युटर, प्रिण्टर लगायतका मेशिनरी औजार खरिद गर्दा नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम पटक पटक सोझै खरिद गरेको देखियो साथै नियमावली बिपरित एउटै बिक्रेताबाट सोझै एक पटक भन्दा बढी पटक समेत खरिद गरेको छ । वार्षिक खरिद योजना बनाई स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन।अत:कानूनमा भएको व्यवस्थाको पाल्ना गर्नुपर्दछ । केही उदहारण :

| गो.भौ.नं/मिति | कामको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ०२/२०८०।०६।१० | ल्यापटप खरिद (८ वटा) | बि श्री कम्प्युटर्स | ७००६०० |
| ०३।२०८०।०६।१० | ल्यापटप खरिद (१ वटा) | भ्यूसफ्ट नेपाल | ११९००० |
| ८०।२०८०।०८।२० | ल्यापटप (१थान) | बि श्री कम्प्युटर्स | १२५६०० |

५६ **खानेपानी निर्माण योजना कार्य:** (१२-२०८१-२-२०):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पाङसिङ बृहत खानेपानी निर्माण योजना कार्यको लागि निर्माण व्यवसायी लालिगुराँस ईन्जिनियरिङ कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा लि संग २०८१।०५।२० (म्याद थप समेत) मा कार्यसम्पन्न गर्ने गरी मिति २०८०।१२।१४ मा रु.६१०१६१६ (भ्याट बाहेक) सम्झौता भएकोमा यस वर्ष एक प्राविधिक बिलबाट रु.४०५२००० (भ्याट सहित) भुक्तानी भएको देखिन्छ । लेखापरीक्षण अवधिसम्म

कार्यसम्पन्न भएको कार्यालयले जानकारी दिए पनि हालसम्म प्राविधिक मुल्याङ्क गरी भुक्तानी पाउँ भनी सम्बन्धित निर्माण व्यवसायीले निवेदन दिएको देखिएन।अत:कानूनमा भएको व्यवस्था बमोजिम सयममै ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

५७ **गत वर्षको दायित्व भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षिय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकी रू.४४ लाख एकमुष्ट रुपमा समावेश गरेकोमा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था शिर्षकगत रुपमा नगरी रु.४४ लाख भुक्तानी दिएको छ ।अत: गत वर्षको दायित्व भुक्तानीको खाता तथा कच्चावारी सहित गाँउ सभाबाट अनुमोदन गरी खर्च लेख्नु पर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : चुमनुव्री गाउँपालिका, गोरखा , चुमनुव्री गाउँपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मनोज लामिछाने | २०८०-६-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | भिमसेन श्रेष्ठ | २०७७-४-१ | २०८०-५-३१ |
| लेखा प्रमुख | गिरिजा प्रसाद रिजाल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २७,३३४ | २४६,७०० | १,०४१,८५८ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १,३१५,८९२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ९७३,९९० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३४१,९०२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११८२४००२६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १६९४७४६६६ | चालु खर्च | १५९८७३५७९ |
| प्रदेश सरकारबाट अनुदान | १५८६३३५१ | पूँजीगत खर्च | ९१७२५६३२ |
| राजश्व बाँडफाँट | ७८९३८५६८ | वित्तीय/अन्य व्यवस्था | ६२७९४२७.० |
| आन्तरिक आय | २७१४१८९.० | | |
| अन्य आय | ७९३३९४५.० | | |
| कुल आय | २७४९२४७१९.० | कुल खर्च | २५७८७८६३८.० |
| बाँकी मौज्दात | | १३५२८६१०७ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।